# शुक्लाफाँटा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः.६ संख्याः २ मितिः २०७९/०३/१३

**भाग-१**

## शुक्लाफाँटा नगरपालिका
## आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक,२०७९

**प्रस्तावनाः**

शुक्लाफाँटा नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शुक्लाफाँटा नगरपालिकाको नगर सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयक को नाम "शुक्लाफाँटा नगरपालिकाको विनियोजन विधेयक, २०७९" रहेको छ ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार**:

(१)आर्थिक वर्ष २०७९।०८० को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **८०,५२,५१,५६०।००** मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

**(१)** यस विधेयक द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त शुक्लाफाँटा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषय गत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५

प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम
रु

| सि नं | विवरण | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | संघिय वित्तिय समानिकरण अनुदान | | | | १५९,१००,०००.०० |
| २ | संघिय सरकारबाट प्राप्त राजश्व बाडफाँठ (अन्त शुल्क) | | | | १२६,२६३,०००.०० |
| ३ | संघिय सरकारबाट प्राप्त राजश्व बाडफाँड ( मुल्य अभिवृदी कर) | | | | |
| ४ | प्रदेश समानिकरण अनुदान | | | | ११,४९२,०००.०० |
| ५ | प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाँड(सवारी साधनकर) | | | | ५,३४८,०००.०० |
| ६ | आन्तरिक आय (मालपोतबाट प्राप्त घर जग्गा रजिष्टेसन शुल्क) | | | | ३,३००,०००.०० |
| ७ | आन्तरिक आय राजश्ख | | | | २४,२८४,०००.०० |
| ६ | आन्तरिक आय (गत आ.व.को मौजदात अनुमान) | | | | १९,२००,०००.०० |
| | **जम्मा** | | | | ३४८,९८७,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | संघिय सरकारबाट प्राप्त सशर्त अनुदान | | | | २३३,०००,०००.०० |
| ८ | संघिय सरकारबाट प्राप्त अन्तरसरकारी अख्तियारी | | | | १२,४९२,०००.०० |
| ९ | संघिय सरकारबाट प्राप्त सम्पुरक संघीय तर्फ | | | | ११,१००,०००.०० |
| | **जम्मा** | | | | २५६,५९२,०००.०० |
| १० | प्रदेश सरकार विशेष अनुदान | | | | २,५००,०००.०० |
| ११ | प्रदेश सरकार सशर्त अनुदान | | | | १८,१३३,०००.०० |
| १२ | प्रदेश सरकार सम्पुरक अनुदान | | | | ३,४००,०००.०० |
| | **जम्मा** | | | | २४,०३३,०००.०० |
| १३ | क्षेत्रिय शहरि विकास कार्यक्रम (ए.डि.बि) | | | | ८,७७७,०००.०० |
| १४ | सामाजिक सुरक्षा अनुदान | | | | १५८,९६२,५६०.०० |
| १५ | सडक बोर्ड नेपाल | | | | ७,२००,०००.०० |
| १६ | ेएन एन एस डब्लु ए | | | | ७००,०००.०० |
| | **जम्मा** | | | | १७५,६३९,५६०.०० |
| | **कुल जम्मा** | | | | ८०५,२५१,५६०.०० |

आज्ञाले,

टिकेन्द्रराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत